# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

बलम्वु, काठमाडौं

बागमती प्रदेश

## न्यायिक समितिबाट भएको

## निर्णय

**निवेदक/वादी**

चन्द्रागिरि नगरपालिका वडा नं. ३ बस्ने रमेश श्रेष्ठ ............................................ १

**विपक्षी/प्रतिवादी**

चन्द्रागिरि नगरपालिका वडा नं. ३ बस्ने कृष्णकुमार श्रेष्ठ ................................ १

**वादीको साक्षी**

**प्रमाण**

१) नागरिकताको फोटोकपी थान ...........२

२) ३ नं. वडा कार्यालयको च.नं. ५०४ को सक्कल पत्र थान .......................... २

३) करार सम्झौता पत्र पाना ३ को फोटोकपी थान ......................................... २

४) ३ नं. वडा कार्यालयको च.नं २२२७ को उपस्थित हुने बारे सक्कल पत्र थान .... २

५) ३ नं. वडा कार्यालयको च.नं. २१४० को उपस्थित भइदिने बारेको सक्कल पत्र थान ......................................... २

६) ३ नं. वडा कार्यालयमा दर्ता नं. २११५ को दर्ता मिति २०७६।२।१२ को निवेदनको सक्कल थान ................................ १

७) ३ नं. वडा कार्यालयमा दर्ता भएको निवेदनको सक्कल र फोटोकपी थान .... १।१

८) ३ नं. वडा कार्यालयको रोहवरमा मिति २०७५।१।४ को दुवै पक्षको मञ्जुरीको सक्कल र फोटोकपी थान ............................ १।१

९) दुवै पक्ष बीच ३ नं. वडा कार्यालयमा उपस्थित भएको पत्र थान ................. १

१०) ३ नं. वडा कार्यालयले च.नं १६१२ को उपस्थित भईदिने बारे सक्कल कपि थान ..............................................१

११) जग्गाधनि प्रमाणपूर्जाको फोटोकपी थान ...१

**प्रतिवादीको साक्षी**

**प्रमाण**

न्यायिक समितिबाट बुझेको साक्षी ..................................................

प्रमाण .............................................................................................

**विवादको विषय : भाडामा बस्नेलाई हटाई पाउँ ।**

**दर्ता नं. १०/२०७६/७/१७**

**वादी दावीको संक्षिप्त व्यहोरा**

१. उपरोक्त सम्बन्धमा मेरो जग्गामा का.जि. च.न.पा. वडा नं. ३ बस्ने कृष्णकुमार श्रेष्ठले इन्द्र विनायक फर्निचर संचालन गर्नका लागि भाडामा लिएको र सम्झौता अवधि सकिए पनि भाडा पनि नदिई उल्टै हामीलाई नै पटक पटक झगडा गर्ने आउने भएकोले । निजलाई यस कार्यालयमा झिकाई कारवाही गरी जग्गा खाली गराइदिन पहल गरिदिन विनम्र निवेदन गर्दछु ।

**प्रतिवादीको प्रतिवादीको संक्षिप्त व्यहोरा**

निज वादीले मिति २०७६/७/१९ मा ७(सात) दिने म्याद बुझि प्रक्रियामा नै नआई म्याद गुजारी बसेको देखिन्छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण**

- मिति २०७३ साल फागुन २५ गते भएको पाना ३ को करार सम्झौता पत्र र मिति २०७५।१।४ रोहवरमा ३ नं. वडा कार्यालयका वडा अध्यक्ष श्री दुर्गालाल महर्जन समेतको उपस्थितिमा भएको दुवै पक्षको सहमति मञ्जुरी ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा**

पक्षले कानुन व्यवसायी राखेका छैनन् ।

**दुवै पक्ष बीच फरक परेको विषय**

करार सहमति अनुसार र मिति २०७५।१।४ को ३ नं. वडा अध्यक्षको रोहवरमा भएको मञ्जुरी अनुसार भाडा जग्गा खाली गर्नुपर्ने ।

**निर्णय खण्ड**

यस मुद्दाका सबै कागज प्रमाणहरु बुझी निर्णय तर्फ विचार गर्दा भाडामा बस्नेलाई हटाई पाउँ भन्ने वादी दावी रहेको र प्रतिवादीले म्याद बुझी म्यादै गुजारी प्रतिवाद नगरी बसेको देखियो ।

प्रस्तुत विवाद स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ज) बमोजिम न्यायिक समितिको क्षेत्राधिकार भित्रकै देखिएकोले प्रतिवादीको नाममा जारी भएको म्याद बुझि कुनै प्रतिवाद नगरी बसेको र वादी प्रतिवादी विच मिति २०७३।११।२५ मा भएको करारनामामा ६ महिनाको सूचना दिई जग्गा खाली गरी लिनदिन सक्ने प्रावधानमा करारको सर्त नं. १० र ११ तथा मिति २०७५।१।४ का दिन च.न.पा. वडा नं. ३ का वडा अध्यक्ष श्री दुर्गालाल महर्जनको रोहवरमा आजको मितिबाट तीन महिना भित्र उक्त उद्योग स्थानान्तरण गर्न दुवै पक्षको मञ्जुरी भएको समेत देखिदा विवादित जग्गाको बहालकर वादीबाट असुल गरी प्रतिवादीले भाडामा लिएको जग्गाबाट प्रतिवादीलाई हटाई दिने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसिल खण्ड

- माथिको निर्णय खण्डमा बादीले करारको मिति देखि तिर्नु बुझाउनु पर्ने बहाल कर र जरिवाना समेत बुझाउन लगाई त्यसको सक्कल रसिद मिसिलमा संलग्न गर्नु । ..................... १
- प्रतिवादीले शुरु म्यादै गुजारी बसेको हुँदा पुनरावेदनको म्यान दिनु परेन । ................ २
- सरोकारवालाले नक्कल मागगरे नियमानुसार सारी सराई दिनुहोला । ........................ ३
- उजुरी दर्ताको लगत कट्टा गरी निर्णय अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाई दिनुहोला । ........................................................................................ ४

न्यायिक समितिका

संयोजक श्री लिशा नकर्मी

सदस्य
श्री माधव के.सी.

सदस्य
श्री सुरेन्द्र के.सी.

निर्णय तयार गर्न सहयोग पुऱ्याउने
गणेश खत्री

कम्प्युटर टाइप गर्ने
चिरञ्जीवी खड्का

कानुनी सहजकर्ता
निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०७६ साल फागुन महिना १९ गते रोज २ शुभम् ............................